परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

❑ वर्ष १४ ❑ अंक ६ २०८२ भाद्र १५ आईतवार Sunday 31, AUG 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## विराटनगरमा गणपति महोत्सव



विराटनगर । कोशी प्रदेशको राजधानी विराटनगर महानगर पालिका-९ ठाकुरवाडी मार्गमा धार्मिक एवं सांस्कृतिक विधीविधान पुर्वक श्री गणपति महोत्सव आज समापन हुँदैछ ।

उक्त महोत्सवमा श्री गणेश पूजन भाद्र ११ गते बुधवार देखि बिहान ७ बजेदेखि, भजन कीर्तन र साँझ ४ बजेदेखि, दिप यज्ञ तथा महा आरती, भजन किर्तन हुन गरेको थियो ।

त्यसैगरी शोभायात्रा तथा विसर्जन भाद्र १५ गते अर्थात साँझ ४ बजे देखि सुरु हुनेछ । शोभायात्रा श्री रामजानकी मन्दिर अगाडि, ठाकुरबाडी रोडवाट श्री पञ्चमुखी हनुमान मन्दिर, महेन्द्र चौक, महावीर चौक, महावीर रोड, श्री काली मन्दिर, श्री सत्य नारायण मन्दिर हुँदै तिनपैनी चौकबाट श्री हनुमान मन्दिर छेउ सिंधिया नदीमा विसर्जन गरिने आायोजक समितिका महासचिव बैजनाथ कुमार गुप्ताले वताए ।

श्री गणपति महोत्सव विगत २०६४ सालदेखि निरन्तर रूपमा हुदै आएका छन । उक्त महोत्सवमा विभिन्न संघ संस्था लगायत नागरिक समाज, बुद्धिजीवी लगायत को सहयोग रहेको छ ।

## सम्झौताको लागि होइन वारपारको मधेश आन्दोलन आवश्यक

विराटनगर । मधेश विद्रोह २०६२/०६३ बाट केही मधेशी समुदायले केही उपलब्धी पाएपनि त्यो उपलब्धी पनि मधेवादी दलहरुले सम्झौता गरेर सखाप पारेको भन्दै अवको मधेश आन्दोलन सम्झौताको लागि होइन वारपारको आन्दोलन आवश्यक रहेको वताएका छन् ।

मधेशी उत्थान विचार मञ्च विराटनग मोरंगले विराटनगरमा आयोजना गरेको "मधेशी राजनीति दशा एवं दिशा" विषयक विचार गोष्ठीमा सहभागी भएका विभिन्न राजनितिक दलका अगुवा नेताहरुले सो कुरा वताएका थिए ।

विचार गोष्ठीका प्रमुख अतिथि प्राडा नन्दलाल साहले भने मधेशको नामवाट जसरी मधेशी समुदाय एक जुट भएका थिए । त्यो जुटलाई मधेशवादी दलहरुले सत्तामा गएपछि व्यक्तिगत स्वार्थको लागि फुटेर छिन्न भिन्न भएका छन् । राजनीति गर्नेहरु जनताको लागि सत्तामा जान्छन तर मधेश वादी दलहरु सत्तामा गएपछि मधेशी जनतालाई छोडेको आरोप लगाउँदै विराटनगरमा ६३ प्रतिशत मधेशी समुदायको वसोवास रहेकोले अगामी दिनमा विराटनगरको सवै जनप्रतिनिधी मधेशी समुदाइ हुनको लागि एकताको आवश्यकता रहेको वताए ।

संविधान सभा सदस्य जोगिलाल यादवले भने मधेशी समुदायले शाशकवर्गसँग अहिले धेरै अधिकार लिन वाँकी छ । मधेशको दशाको कारक मधेशी नेता नै भएको आरोप लगाउँदै मधेशी दल फुट्नुको मुख्य कारण सत्ताको लालच, परिवारवाद र जातिवाद भएको वताउँदै वहाँले भने "जता पायो उतै जाउ, जता पायो उतै खाउ" परिपाटी रहेकोले मधेशवादी दल विखण्ड भएको वताए ।

प्राध्यापक राजनारायण यादवले भने रक्त दान र मतदान ईच्छाले गर्न पाउँछ तर त्यही म यहाँको निर्वाचन प्रणालीले गर्दा विक्रीवितरण भई रहेको भन्दै नेपालमा निर्वाचण प्रणलीमा जव सम्म सुधार हुँदैन तव सम्म मधेशी समुदायले अधिकार पाउँदैन भनी ठोकवा गरेका थिए ।

त्यसैगरी मधेशी नागरिक समाजका बलराम यादवले मधेशको दशाको बारेमा मधेशी पार्टी बाहेक मधेशी नागरिक समाज, मधेशी पत्रकार, मधेशी बद्धिजीवी, मधेशी यूवा चिन्तित रहेको भन्दै मधेशी राजनितिक दलहरुको कारण विखण्डलले मधेको दशा भएको आरोप लगाउँदै समग्र मधेश एक प्रदेश भनेता पनि मध्य प्रदेश लिएर त्यसको नाम मधेश प्रदेश राखेको वताए । वहाँले भने अवको आन्दोलन छोड्र वा सम्झौता गरेर होईन वारपारको आन्दोलन गर्न मधेशी समुदायमा एकताका आवश्यकता रहेको वताए ।

नेपाली कांग्रेसबाट कोशी प्रदेश कोषाध्यक्ष राजेश गुप्ता, युवा नेता रञ्जित झा, सलिम अंसारी, मो. फैयाज, विराट नगर-९ का वडाध्यक्ष विश्व नाथ भगत (लालु) र विराट नगर-१५ का वडाध्यक्ष प्रकाश

वांकी अन्तिम पेजमा...

## तीन हजारलाई रोजगारी सिर्जना हुने

विराटनगर । कोशी प्रदेश सरकारले साना तथा मझौला व्यवसायको प्रवर्द्धनर उद्यम शीलताको विकासका लागि स्विस सरकारको सहयोगमा 'उदय' परियोजना सुरु गरेको छ। यस परियोजनाबाट प्रदेशमारोजगारी सिर्जनासहित आर्थिक समृद्धिको नयाँ ढोका खुल्ने अपेक्षा गरिएको छ ।

'उदय' परियोजना अन्तर्गत स्वीकृत सेवा प्रदायकमार्फत व्यवसाय विकास सेवा उपलब्ध गराइनेछ । ६० करोडको ग्यारेन्टी फन्डमार्फत ८ अर्ब बराबरको कर्जा सुरक्षा गरिनेर २८ करोडको च्यालेन्ज फन्डमार्फत प्रवर्द्धनात्मक तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ ।

यस बाहेक इनफर्मेशन पोर्टल मार्फत बजार सम्बन्धी सूचना उपलब्ध गराउने व्यवस्था पनि परियोजनाले गर्नेछ । परियोजना अन्तर्गत बिना धितो ३० लाखदेखि ३ करोडसम्मको कर्जा उपलब्ध गराइनेर त्यसका लागि बैंक छनोटको प्रक्रिया अघि बढाइएको छ ।

कोशी प्रदेश सरकारका अनुसार, उदय परियोजनाले प्रदेशमा उद्यमशीलताको विकाससँगै ठूलो संख्यामारा ेजगारी सिर्जना गर्नेर आर्थिक आधारलाई मजबुत पार्ने लक्ष्य लिएको छ । परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि कार्यविधि तयार भइसकेकोर अब कार्यान्वयन चरणमा प्रवेश गरेको छ ।

परियोजनालाई प्रदेश सरकारले प्रदेशका १४ वटा जिल्लामा पुर्याउने लक्ष्य राखेको छ । पहाडी क्षेत्रको बसाइसराइलाई मध्यनजर गरेर त्यहाँ सञ्चालनरहेका साना तथा मजौला उद्योगलाई प्रवर्धन गर्नेर नयाँ उद्योगहरू स्थापनाका लागि प्रोत्साहन गर्ने नीति कोशी प्रदेश सरकारले लिएको छ । यो परियोजना अन्तर्गत कोशी प्रदेश सरकारको क्रेडिट ग्यारेन्टीमा झण्डै ८ अरब रुपैयाँ लगानी परिचालन हुनेछ। पहिलो चरणमा चार वर्षसम्म सञ्चालन हुने यो परियोजनाबाट कोशी प्रदेशमा ३ हजाररोजगारी सिर्जना हुनेछ ।

परियोजनाका व्यवसाय विकास प्रमुख विष्णु काफ्लेले यो परियोजनाको प्रोजेक्ट १० वर्षसम्म सञ्चालन गर्ने गरी तयार गरिएको बताउनुभयो। उहाँले पहिलो चरणमा यो परियोजना चार वर्षसम्मको हुने जानकारी गराए । उदय परियोजनाका टिम लिडर अरुणराणाले यो परियोजनालाई सफल रुपमा अगाडि बढाउने गरी तयारी गरिएको बताउँदै परियोजना लाई व्यापक रूपमा नयाँ उद्दम गर्न चाहनेर उद्यम गरिरहेका हरूको बीचमा

वांकी अन्तिम पेजमा...



### सम्झौताको...

साहले कार्यक्रममा सहभागिता जनाउँदै मधेशी समुदायको एकताको आवश्यकता रहेकोमा जोड दिएका थिए ।

त्यसैगरी नेकपा एमालेका युवा नेता मृत्युन्जय झा, जसपा नेपालका केन्द्रीय सदस्य जोगिलाल यादव, रामविलास यादवले कार्यक्रममा सहभागिता जनाएर मन्तव्य व्यक्त गरेका थिए । नेकपा (एकीकृत समाजवादी) का केन्द्रीय सदस्य ओसिम आलमले मधेसी भोटर इमान्दार रहेको तर त्यो भोटको मधेसी नेताले अपमान गरेको बताए । मधेसी बुद्धिजीवी रामरिझन यादव, डा.महादेव भगत, जफर जमाली, साहेब अहमद गुड्डु, मो. कादिर, रामप्रसाद साहले २०६२/०६३ को मधेस विद्रोह हुँदा मात्रै मधेसी समुदाय एक ठाउँमा आएको थियो ।

मोरङ उद्योग व्यापार संघका पूर्व अध्यक्ष एवं नेपाल उद्योग परिसंघ कोशी प्रदेशका वरिष्ठ उपाध्यक्ष प्रकाश मुन्दडा, उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठी, र मोरङ उद्योग व्यापार संघका वरिष्ठ उपाध्यक्ष अनिल साह विचार गोष्ठीमा सहभागी भएका थिए ।

युवा नेता उपमेश यादवले आफ्नै नेतृत्वमा मोरंग जिल्ला भरीका मधेशी समुदायलाई एकठाउँमा एकिकृत गर्न मधेशी उत्थान विचार मञ्च गठन गरको छ । वहाँकै संयोजकत्व मा विचार गोष्ठी सम्पन्न भएको थियो ।

### तीन हजारलाई...

ुयाउने योजना समेतरहेको जानकारी गराए ।

मुख्यमन्त्रीका आर्थिक सल्लाहकार डाक्टर मोहन सुवेदीले यो परियोजनाबाट कोशी प्रदेशलाई थप उचाइमा लैजानको लागि सहयोग पुग्ने जानकारी गराए । मुख्यमन्त्री कार्कीको पहलकदमीमा भएको एउटा महत्त्वकांक्षीर महत्वपूर्ण परियोजना भएको उहाँले बताउनुभयोआर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर रानारानाले परियोजना सञ्चालन भएसँगै प्रदेशमा महत्वपूर्ण उपलब्धि हासिल हुने बताए । उहाँका अनुसार, परियोजना ले बजार प्रवर्द्धनदेखि नयाँ उद्योग स्थापना गर्ने बाटो खोल्नेछ ।

मुख्यमन्त्री हिक्मत कुमार कार्कीले आर्थिक उदय परियोजनालाई कोशी प्रदेशमा नमुनाका रूपमा सफल बनाएर देशव्यापी रूपमा उदाहरण दिने प्रतिबद्धता व्यक्त गरेका थिए । उहाँले भन्नुभयो, "यो परियोजना कोशी प्रदेशको आर्थिक समृद्धिर विकासका लागि कोसेढुङ्गा हुनेछ ।"

मुख्यमन्त्री कार्कीले कोशी प्रदेश सरकारले पर्यटन कृषिमा ध्यान दिएको उल्लेख गर्दै पदमार्गमा आधारित पर्यटन विकासका लागि चारवटा पदमार्ग निर्माण गरिरहेकोर योसँगै अहिले उदय परियोजना मार्फत सञ्चालनमा ल्याइन लागेको नव उद्धमशीलता प्रवर्धन कार्यक्रमले कोशी प्रदेशको समृद्धिमा ठूलो योगदान पुग्ने जानकारी गराए ।

# साउन महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरमा कार्यतरत प्रहरी नायव उपरीक्षक दुर्गा प्रसाद दाहाल, जिल्ला प्रहरी कार्यालय मोरङमा कार्यरत प्रहरी निरीक्षक सरोज खनाल, इलाका प्रहरी कार्यालय दोहमना मोरङमा कार्यरत प्रहरी वरिष्ठ हवल्दार विष्णु पराजुली र प्रहरी जवान समिप सुब्बालाई साउन "महिनाको सर्वोत्कृष्ट प्रहरी" घोषित गरेको छ ।

विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी उच्च मनोबल र साहसका साथ आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा मोरङ, सुनसरी र झापा जिल्लाको विभिन्न स्थानहरुमा मिति २०८१ साल माघ १५ गते देखि ट्रान्सफर्मरहरु चोरी भएको घटनामा नेपाल विद्युत प्राधिकरण प्रादेशिक कार्यालय रानी, विराटनगरसँग समन्वय तथा सहकार्य गरी मोरङको १० स्थान, सुनसरीको १२ स्थान र झापाको २ स्थानमा गरी जम्मा २४ स्थानमा ट्रान्सफर्मर चोरी भएको घटनाको अनुसन्धान गर्ने क्रममा साउन ९ गते चोरीमा संलग्न १२ जना व्यक्तिहरुलाई ट्रान्सफर्मर चोरी गर्न प्रयोग भएको औजार समेत पक्राउ गरको थियो ।

ट्रान्सफर्मरबाट निकालेको ३६८ किलो ५ सय ग्राम तामाको तार सहित पक्राउ गर्न सफल भएको साथै उनीहरुले चोरी गर्न प्रयोग गरेको को.१ च ७७२९ नं. को पिकअप गाडी, विभिन्न कम्पनिहरुको ५ थान मोटर साइकल, र विभिन्न कम्पनिका १२ थान मोवाइल समेत वरामद गरी चोरीमा संलग्न व्यक्तिहरुलाई कानुनी दायरामा ल्याउन सफल भएको हुँदा उत्कृष्टी घोषण गरको हो ।

आम नागरिकहरुमा शान्ति सुरक्षाको अनुभुति हुने किसिमले आफ्नो पदीय दायित्व तथा जिम्मेवारी उत्कृष्ट तवरबाट निर्वाह गरेकोले निजहरुले सम्पादन गरेको उत्कृष्ट कार्यको उच्च मुल्याङकन गर्दै २०८२ साउन "महिनाको सर्वोत्कृष्ट प्रहरी" घोषणा गरी पुरस्कृत गरिएको हो ।


## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थ्य सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

### वडा अध्याक्ष : जीतन थापा

४ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका, मोरंग
कोशी प्रदेश

## औषधि प्रयोग गर्दा ध्यान दिऔं

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारीसवाट मात्र औषधि प्रयोग गरौं,
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं,
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसंग सल्लाह गरेर औषधि प्रयोग गरौं,
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं,
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग सल्लाह गरौं ।

### नेपाल सरकार, विज्ञापन बोर्ड

## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- वडा तथा नगरपालिकामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडा भित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं ।
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- सडक बाटोको अतिक्रमण नगरौ ।
- सामाजिक विवादलाई भिडेर होईन ,छलफलबाट हल गरौ ।
- बिबाह दर्ता ,जन्म दर्ता,मृत्यु दर्ता, बसाईँसराइ दर्ता लगायतका पञ्जिकरण गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।

गढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय
औरावनी सुनसरी, कोशी प्रदेश, नेपाल

## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- वडा तथा नगरपालिकामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडा भित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं ।
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- सडक बाटोको अतिक्रमण नगरौ ।
- सामाजिक विवादलाई भिडेर होईन ,छलफलबाट हल गरौ ।
- बिबाह दर्ता ,जन्म दर्ता,मृत्यु दर्ता, बसाईँसराइ दर्ता लगायतका पञ्जिकरण गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।

जहदा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
मोरंग, कोशी प्रदेश, नेपाल


परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

परिवर्तनको लागि क्राईम अपरेशन
Crime Operation साप्ताहिक

## सम्पादकीय

### सशक्तिकरणको आवश्यकता

मधेश नेपालको अभिन्न हिस्सा हो । तर मधेशका आवाज, अधिकार र राजनीतिक प्रतिनिधित्वलाई इतिहासभरि लगातार नजरअन्दाज गरिएको तथ्यलाई नकार्न सकिँदैन । यसरी दशकौँदेखि चल्दै आएको बेवास्ताले मधेशी समाजमा असमानता र निराशा थप्दै लगेको छ । विगतमा भएका आन्दोलनहरूले मधेशको आवाजलाई देशव्यापी स्तरमा पुऱ्याउने काम गरे पनि अपेक्षित उपलब्धि भने हासिल हुन सकेको छैन । आज पनि मधेशका नागरिकहरूलाई राज्यका निकायमा बराबरी सहभागिता छैन, नागरिक अधिकार सुनिश्चित छैन, र राजनीतिक पहुँच सीमित छ । यसै कारण मधेशी समाजबीच पुनः सशक्त आन्दोलनको आवश्यकता महसुस गरिएको छ ।

संविधानमा समानुपातिक समावेशिता, आरक्षण, दलित, आदिवासी, मुस्लिम र पिछडिएका वर्गका लागि विशेष व्यवस्था गरिएको भए पनि व्यवहारिक रुपमा मधेशीहरू अझै पनि राज्यको मुख्यधाराबाट विमुख छन् । विगतमा विखण्डन र नेतृत्वहीनताका कारण मधेशी मत खण्डित भयो, जसको लाभ अन्य शक्तिहरूले उठाए । अब फेरि त्यही गल्ती दोहोर्याउने कि एकजुट भएर आफ्नो पहिचान र अधिकारको पक्षमा अडिने भन्ने प्रश्न आज मधेशी समाज अगाडि खडा छ ।

मधेशी युवाहरू, बुद्धिजीवी र जनसमुदायले आफ्नो पहिचान सुरक्षित गर्दै समानताको आन्दोलनलाई सशक्त रूपमा अघि बढाउन जरुरी छ। यसका लागि सहकार्य, पारदर्शी नेतृत्व र दीर्घकालीन दृष्टिकोण चाहिन्छ । अब मधेशी समाजले आफ्नो ऐतिहासिक अनुभवबाट पाठ सिक्दै, विगतका कमजोरी सुधार्दै, साझा एजेन्डा र साझा नेतृत्व निर्माण गर्नु अनिवार्य भएको छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# कुशे औंसी : धार्मिक अनुष्ठन मात्र होइन, पीढीगत सम्बन्धको जीवित सेतु



रमेश कुमार बोहोरा

हाम्रो देश नेपालको सांस्कृतिक चेतनामा जरा गाडेर बसेका पर्वहरूलाई नजिकबाट नियाल्दा प्रष्ट बुझ्न सकिन्छ कि तिनीहरू केवल धार्मिक अनुष्ठान वा कर्मकाण्डमा सीमित छैनन् । तिनीहरूले परिवार, समाज, मूल्य, अनुशासन, परम्परा र सामूहिक चेतनाको अदृश्य धागोलाई मजबुत बनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । नेपाल जस्तो बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाजमा हरेक पर्वले फरक-फरक अर्थ बोकेका हुन्छन् । तर कुशे औंसी अर्थात् बुबाको मुख हेर्ने दिन जसलाई पितृ औंसी पनि भनिन्छ यस समाजका गहिरा भावनात्मक र सांस्कृतिक तहमा प्रभाव पार्ने विशेष पर्व हो । भाद्र कृष्ण औंसीका दिन मनाइने यो पर्व हिन्दू धर्मशास्त्रमा पितृ श्राद्ध र बुबाप्रतिको कृतज्ञता व्यक्त गर्ने अवसरका रूपमा चित्रण गरिएको छ । यो दिन अमावस्याको रात अर्थात चन्द्रमाको पूर्ण अभावको क्षणसँग गाँसिएको छ जसलाई अध्यात्मले 'नयाँ चक्रको सुरुआत' को रूपमा पनि लिन्छ । भगवान् विष्णुको प्रतीकका रूपमा कुशलाई घरमा भित्र्याउने, शुद्धता कायम गर्ने, पितृलाई सम्झेर तर्पण गर्ने र बुबाप्रति कृतज्ञता प्रकट गर्ने परम्पराले यस पर्वलाई धार्मिक, सामाजिक र भावनात्मक तीनै तहमा विशेष बनाएको छ ।

कुशे औंसीलाई नजिकबाट हेर्दा प्रष्ट हुन्छ कि यो केवल धार्मिक अभ्यासको सीमाभित्र मात्र सीमित छैन । यो पर्वले पिताप्रतिको श्रद्धा र स्मरणलाई केन्द्रमा राख्दै परिवारलाई एकताबद्ध बनाउने समाज शास्त्रीय भूमिका पनि खेलेको छ । आमाबुबा जीवनका पहिलो शिक्षक, संरक्षक र मार्गदर्शक हुन् । उहाँहरुको योगदान बिना सन्तानको अस्तित्वको कल्पना गर्न सकिँदैन । यही कारण नेपाली समाजमा आमाबुबालाई देवताको स्थान दिइएको छ । बुबाको मुख हेर्ने दिनले सन्तानलाई आफ्ना बुबाको अनुहार अवलोकन गर्ने, फूलमाला अर्पण गर्ने, मिठा खानेकुरा चढाउने र आशीर्वाद लिन दिने परम्परालाई जीवन्त बनाएको छ । आशीर्वादलाई जीवनयात्राको दिशानिर्देशक शक्ति मानिने विश्वासले यस पर्वलाई अझ अर्थपूर्ण बनाएको छ ।

दिवंगत बुबाका सन्तानका लागि यो दिन अझ संवेदनशील र भावनात्मक हुन्छ । परम्पराअनुसार पितृ औंसीमा गोकर्णेश्वर, बागमती वा अन्य तीर्थस्थलमा गई पितृ तर्पण गर्ने चलन छ । श्राद्ध गरेर पितृ आत्माको शान्ति कामना गर्ने अभ्यास धार्मिक मात्र नभई सामाजिक दृष्टिले मृतकप्रतिको कृतज्ञता र स्मरण हो । हिन्दू संस्कृतिमा मृतकलाई बिर्सनु कमजोरी मानिन्छ । त्यसैले श्राद्धजस्ता परम्पराले मृतकलाई निरन्तर सम्झाउने, उनीहरू को योगदानलाई जीवन्त राख्ने र आत्माको शान्ति खोज्ने अभ्यासलाई निरन्तरता दिएका छन् । यही कारण गोकर्णेश्वरलाई “नेपाली गया” भनिन्छ जहाँ हरेक वर्ष हजारौं श्रद्धालु जम्मा भएर पितृलाई जल अर्पण गर्छन् । भारतको गया, वाराणसी वा प्रयागजस्तै नेपालमा गोकर्णको धार्मिक महत्व यसको स्पष्ट प्रमाण हो ।

इतिहासका पानामा हेर्दा पितृपूजाको परम्परा अत्यन्तै प्राचीन छ । ऋग्वेददेखि महाभारतसम्म पितृदेवतालाई सम्मान गरिएको उल्लेख पाइन्छ । महाभारतमा युधिष्ठिरले पितृ तर्पण नगरेसम्म शान्ति नपाएको कथनले यसको गहिरो महत्त्व प्रस्ट्याउँछ । हिन्दू धर्ममा पितृलाई देवताभन्दा कम मानिँदैन । पितृ प्रसन्न भए देवता पनि प्रसन्न हुने विश्वास आज पनि अटल रूपमा कायम छ । यस आधारमा पितृ औंसीलाई केवल धार्मिक अनुष्ठान नभई पीढीगत सम्बन्धलाई जोड्ने सामाजिक सेतुका रूपमा बुझ्न सकिन्छ ।

समाजशास्त्रीय दृष्टिले कुशे औंसीको महत्त्व संयुक्त परिवार प्रणालीको उत्कर्षकालमा अझै प्रस्ट देखिन्थ्यो । दाजुभाइ, दिदीबहिनी, नातागोता सबै बुबाको मुख हेर्न वा पितृ श्राद्ध गर्न एउटै स्थानमा भेला हुने परम्पराले सम्बन्धलाई मजबुत बनाएको थियो । त्यो अवसर परिवारलाई मात्र होइन सम्पूर्ण समुदायलाई पनि जोड्ने माध्यम बन्ने गर्दथ्यो । आज संयुक्त परिवार कमजोर बन्दै गएको छ वैदेशिक रोजगारीले छोराछोरी लाई टाढा पुऱ्याएको छ तर प्रविधिको प्रयोगमार्फत भिडियो कल वा सामाजिक सञ्जाल मार्फत पनि यस पर्वलाई निरन्तरता दिइनु यसको जीवन्तताको प्रमाण हो ।

कुशे औंसीलाई आधुनिकीकरणले नयाँ आयाम पनि दिएको छ । विगतमा छोराहरू मात्र सहभागी हुने परम्परा भए पनि अहिले छोरीहरूले पनि समान अधिकारका साथ बुबाप्रति श्रद्धा प्रकट गर्ने अभ्यास सुरु गरेका छन् । यसले लिङ्ग समानताको चेतनालाई बलियो बनाएको छ । आधुनिक समाजशास्त्रीहरूका अनुसार बुबा-छोरी सम्बन्धलाई सार्वजनिक रूपमा सम्मानित गर्ने यो अभ्यासले पितृपूजाको अवधारणालाई समावेशी बनाएको छ ।

तर आलोचनात्मक दृष्टिले हेर्दा आधुनिक पुस्ता विशेषतः शहरी युवापुस्ताले यस्ता परम्पराप्रति उदासीनता देखाएका छन् । व्यावसायिक व्यस्तता, आधुनिक जीवनशैली र धार्मिक चेतनामा आएको खुकुलोपनले बुबाको मुख हेर्ने दिनलाई केवल छुट्टी वा सामाजिक सञ्जालमा शुभकामना पोस्ट गर्ने अवसरका रूपमा सीमित गरेको छ । धेरै युवाले कुशे औंसीलाई “फादर्स डे” को नेपाली संस्करण मात्र ठान्ने गरेका छन् । तर वास्तवमा यो दिन आध्यात्मिक अभ्यास, पितृ स्मरण र सामाजिक कर्तव्यसँग गहिरो सम्बन्ध राख्छ । धार्मिक समाजशास्त्रीहरूको भनाइमा

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# धनपालथान गाउँपालिकाको धार्मिक जनसंख्या

**श्याम सुन्दर सुतिहार**

धार्मिक जनसंख्याको परिचय :

नेपाली समाज बहुजातीय, बहुधार्मिक र बहुसम्प्रदाय मिलेर बनेको छ । धनपालथानको धार्मिक तथा शैक्षिक अवस्थाको अध्ययन गरि रहँदा धार्मिक जनसंख्याको बारेमा जानकरी हुन जरुरी छ । धार्मिक जनसंख्या भन्नाले कुनै देश, क्षेत्र वा समुदायमा रहेका मानिसहरू जुनसुकै धर्ममाविश्वास गर्छन् वा त्यो धर्मका अनुयायी हुन् भन्ने आधारमा वर्गीकृत गरिने जनसंख्या हो ।

उदाहरणका लागि नेपालमा हिन्दु, बौद्ध, मुस्लिम, किराँत, इसाई आदि धर्म मान्ने जनसंख्या छुट्टाछुट्टै धार्मिक जनसंख्याका रूपमा गनिन्छन् । धार्मिक जनसंख्या जातीय बनोटको आधारमा निर्धारित हुने गर्दछ । हाम्रा परम्परागत मूल्य, मान्यता र धार्मिक गतिविधि र संस्कार जाति र धर्मबाट नै निर्धारित हुन्छन् । त्यसैले यहाँ धनपालथान गाउँपालिकाका प्रमुख दश जातिहरुको लैङ्गिकता समेतको आधारमा विवरण प्रस्तुत गरिएको छ ।

जातीय आधारमा जनसंख्याको विश्लेषण गर्दा यहाँका मुख्य दश जातिहरूमा गनगाई, मुसलमान, बाँतर वा सरदार, राजबंशी, मुसहर, केवट, दुसाध, अमात, नुनिया र यादव रहेका छन् । यिनीहरुको संख्यात्मक अनुपात हेर्दा सबैभन्दा बढी जनगाई २६.९३ प्रतिशत रहेको छ । यस आधारमा धनपालथानमा गनगाईंको जातिगत बाहुल्यता झल्काउँछ । त्यसपछि मुसलमान आउँछ । मुसलमानको जनसंख्या ९.३५ प्रतिशत रहेको छ । जुन गनगाईंको तुलनामा एक तिहाइ जनसंख्या हो । त्यसपछि बाँतर र राजबंशीको जनसंख्या रहेको छ । जुन क्रमशः ७.७२ प्रतिशत र ७.११ प्रतिशत रहेको छ ।

लैङ्गिकताको आधारमा विश्लेषण गर्दा केही बाहेक सबै जातीय समुदायमा महिलाको जनसंख्या बढी छ । यहाँको कुल जनसंख्यामा पनि महिलाको जनसंख्या बढी छ । कुल जनसंख्या ४५३४८ हुँदा महिलाको जनसंख्या २३१५२ रहेको छ भने पुरुषको जनसंख्या २२१९६ रहेको छ । यस आधारमा धनपालथानमा करिब १ हजार संख्याले महिलाहरू बढी छन् । जातिगत आधारमा हेर्दा केवट, नुनिया र यादवमा महिलाको तुलनामा पुरुष बढी छन्, बाँकी जातिहरुमा महिलाको जनसंख्या नै बढी देखिन्छ ।

**जातिय आधारमा धनपालथानको जनसंख्या वर्गीकरण**


| क्र.सं. | जाति | जम्मा | प्रतिशत | पुरुष | महिला |
|---|---|---|---|---|---|
| १ | गनगाई | १२२१३ | २६.९३ | ५९५८ | ६२५५ |
| २ | मुसलमान | ४२३९ | ९.३५ | २०८३ | २१५६ |
| ३ | बाँतर सरदार | ३५०० | ७.७२ | १६३६ | १८६४ |
| ४ | राजबंशी | ३२२६ | ७.११ | १५६२ | १६६४ |
| ५ | मुसहर | ३००३ | ६.६२ | १४८६ | १५१७ |
| ६ | केवट | ३००२ | ६.६२ | १५४२ | १४६० |
| ७ | दुसाध, पासवान, पासी | १७४६ | ३.८५ | ८३९ | ९०७ |
| ८ | अमात | १७१५ | ३.७८ | ८५२ | ८६३ |
| ९ | नुनिया | १५५९ | ३.४४ | ७८१ | ७७८ |
| १० | यादव | १३५१ | २.९८ | ६८० | ६७१ |
| ११ | अन्य | ९७९४ | २१.६० | ४७७७ | ५०१७ |
| | जम्मा | ४५३४८ | १०० | २२१९६ | २३१५२ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

धर्मअनुसारको जनसांख्यिक विवरण

कुनै पनि भौगोलिक क्षेत्रका मानिसको धार्मिक आस्थार धार्मिक स्थल बीच अनन्य सम्बन्ध हुन्छ । धार्मिक आस्थाकै आधारमा धार्मिक स्थलमा पूजाअर्चना गरिन्छ । धार्मिक स्थलवा संस्थामा आउने मानिसहरू धार्मिक र पर्यटकीय दुवै दृष्टिकोणबाट आएका हुन्छन् । तर नियमित पूजाअर्चना र धार्मिक स्थलको संरक्षण धार्मिक आस्थाको आधारमा गरिने परम्परा धनपालथानमा रही आएको छ । यहाँको धार्मिक जनसंख्या तालिकामा प्रस्तुत गरिएको छ ।

धर्मको आधारमा यहाँको जनसंख्याको विश्लेषण गर्दा करिब ९० प्रतिशत हिन्दु समुदाय छन् भने करिब १० प्रतिशत इस्लाम धर्म मान्नेहरू छन् । यहाँ सानो संख्यामा क्रिश्चियन, प्रकृतिपूजक र किराँत धर्म मान्नेहरू बसोबास गर्दछन् । यसबाट यहाँका धार्मिक स्थलहरुमा पनि यही आधारमा रहेका छन् । पृष्ठभूमि अनुमान गर्न सकिन्छ । यसलाई पाइचार्टबाट पनि देखाइएको छ ।




| जम्मा | धर्मअनुसारको जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | हिन्दु | बौद्ध | इस्लाम | किराँत | क्रिश्चियन | प्रकृति |
| ४५३४८ | ४०६६९ | १३ | ४२६० | ५ | ३८० | २१ |
| प्रतिशत | ८९.६८ | ०.०३ | ९.३९ | ०.०१ | ०.८४ | ०.०५ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

मातृ भाषाको आधारमा जनसंख्या

मातृ भाषामा मानिसले आमाबाट सिकेको भाषाहो, आमाको दूधखाँदै र आमासँगै खेल्दै हुर्किंदा सिकेको भाषा हो । त्यसैले मानिसले बालबालिकाको उमेर सिकेको पहिलो भाषा हो । यसमा अपनत्व र मातृत्व भाव झल्किएको हुन्छ । पहिलो भाषाको ज्ञान मातृ भाषा हुने भएकोले उसले जीवनमा सिकेका बाँकी भाषाहरू मातृभाषामा अनुवाद गरेर बुझिरहेको हुन्छ । धनपालथानमा मानिसको मातृभाषाको अवस्था जनसंख्याको अनुपात अनुसार रहेको मान्यता राखिएको छ । मातृ भाषाले धार्मिक क्षेत्रमा विशेष महत्व राखेको हुन्छ । त्यो के भने पूजाविधि र पूजागर्दा बोलिने भाषा मातृ भाषामा आधारित हुने गर्दछ । धार्मिक कथा वा किंवदन्तीहरू सोही भाषामा हुन्छन् । पूजा सामग्रीहरुको नामकरण पनि सोहीअनुसार भएको हुन्छ । त्यसैले धार्मिक स्थल र विधिको कुरा गर्दा त्यहाँबोलिने रैथाने भाषाको पनि विवेचना हुनुपर्दछ । यहाँ धनपालथानको नागरिकको भाषिक पहिचानको विवेचना तालिकामा गरिएको छ

मातृ भाषको आधारमा

स्रोत: राष्ट्रिय जनगणना २०७८

| क्र.सं. | मातृभाषा | जम्मा | प्रतिशत | पुरुष | महिला |
|---|---|---|---|---|---|
| १ | मैथिली | १८०२८ | ३९.७५ | ८८४५ | ९१८३ |
| २ | अंगिका | १६५१७ | ३६.४२ | ८१३४ | ८३८३ |
| ३ | उर्दु | ३०६३ | ६.७५ | १४९३ | १५७० |
| | जम्मा | ४५३४८ | १०० | २२१९६ | २३१५२ |

धनपालथान गाउँपालिकामा तीनवटा भषा बोल्ने मानिसहरू रहेका छन् । यहाँका जनताको मातृ भाषा अध्ययन गर्दा यहाँ करिब ४० प्रतिशत मैथिली भाषी रहेका छन् । त्यस्तै ३६.४२ प्रतिशत अंगिका भाषा बोल्ने मानिसहरू रहेका छन् । अङ्गिका भारतको बिहार र झारखण्डका केही भागहरूका साथै नेपालको केही भागहरूमा बोलिने एक पूर्वी आर्य भाषाहो ।

अङ्गिका मैथिली, बङ्गाली, भोजपुरी र मगही भाषासँग नजिकको सम्बन्ध राख्दछ । ऐतिहासिक रूपमा यो अलग लिपिमा लेखिएको थियो । जसलाई 'अङ्गलिपि' भनिन्छ । पछि लेखकहरू कैथीलिपि र अन्ततः देवनागरी लिपिमा सरेका थिए । अङ्गिका भाषीहरू भारतको दक्षिण-पूर्वी बिहार, मुङ्गेर, भागलपुर र झारखण्डको साथै नेपालको मोरङ र झापा जिल्लामा अल्पसङ्ख्यक भाषाभाषीको रूपमा रहेका छन् । धनपालथानमा अंङ्गिका पछि उर्दु भाषा भाषीको संख्या रहेको छ । यस बाहेक धनपालथानमा ६.७५ प्रतिशत उर्दु मातृ भाषी रहेको जनगणनाको प्रतिवेदनमा उल्लेख छ ।

वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

वडा अध्यक्ष
घनश्याम हलुवाई

२ नं. वडा कार्यालय,
गढी गाउँपालिका सुनसरी,
कोशी प्रदेश

वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

वडा अध्यक्ष
बसिरउद्दिन मन्सुरी

९ नं. वडा कार्यालय,
इनरुवा नगरपालिका, सुनसरी,
कोशी प्रदेश

वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

वडा अध्याक्ष : संतोष न्यौपाने

५ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका, मोरंग
कोशी प्रदेश

# मगही संस्कृतिका लोक पर्व चौरचन

## चौरचन पर्वको शुभकामना नदिङकोमा सरकारलाई ध्यानआकर्षण

**जय प्रकाश महतो**

मगही संस्कृति ज्ञान विज्ञानको भण्डार हो । त्यसैले, नेपालको तराई क्षेत्रमा मगही संस्कृतिहरुको निकै ठुलो प्रभाव रहेको छ । प्रायः जसो मगही संस्कृतिहरु प्रकृति मैत्री ज्ञान विज्ञानमा आधारित छन् । जस्तै तुलसी पुजा, आनन्द पुजा, घरको गोसाई पुजा, थान पुजा, सतुवाईन, चौरचन, चैत्र नवमी, बैसाखी नवमी, आदी । अनेकौं पर्वहरु मध्ये चौरचन एक महत्वपूर्ण पर्व हो । मगही संस्कृतिमा मूर्ति पुजा नभएपनि हाल मूति पुजा गर्ने परम्परा चलेको छ ।



चौरचन पर्व तराईको लगभग सबै जिल्लाका सबै जातिहरुले आफनो सुविधा र उपलब्ध सामग्रीहरुको आधारमा मनाउने गर्छ । ठाँउ अनुसार फरक फरक भए पनि उदेश्य एउटै रहेको देखिन्छ । यस दिन विहानै देखि घर घरमा चहलपहल बढेको हुन्छ । साँझमा चन्द्रमालाई अर्ध दिएर वा पुजा गरेर मनाउने चलन रहेको छ । यस पर्वको तिथि भदौ शुल्क चौथी रहेको छ । चन्द्रमालाई देखाएर इष्टमित्र सहित परिवारजनलाई चतुष्कोण बेदी स्थलमा घरको छोरा मान्छेले प्रसाद ग्रहण गर्छ अनि सबैलाई प्रसाद ग्रहण गर्ने गराउने चलन मगही संस्कृतिमा छ ।

यस पर्वलाई चौठी चान, चौठचन र अहिले गणेश चतुर्थी पनि भन्ने गर्दछ । घरको एक जना महिलाले दिनभर उपवास बसेर साँझपख चन्द्रमालाई विधिवत् पुजा गर्ने चलन छ । चन्द्रमा प्रकृति हुन् । चन्द्रमाले सितलता प्रदान गर्छ । अर्थात मान्छेको मन भावना सधै सितल रहोस्, स्थीर रहोस्, शान्त रहोस् भन्ने उदेश्य रहेको छ । मान्छेको मनमा रहेको अनेकौं नकारात्मक भावनाहरु, अनावश्यक रिसहरुले आफनो मात्रै नभई घर परिवार, समाजलाई नै प्रगति हुनबाट रोक्छ । प्रगति, उन्नति गर्नको लागि हरेक मान्छेको मन चन्द्रमाको प्रकाश जस्तै सितल र शान्त हुनु पर्छ र यसले सकारात्मक समाज निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ भन्ने विश्वास छ । सकारात्मक समाजले जीवन सुख र समृद्ध समाज निर्माण गर्छ । चौरचन पर्वले यस विषयलाई प्रतिनिधित्व गर्छ ।

चौरचन पर्वमा प्रयोग हुने सामग्रीहरु : यो पर्वमा मूर्ति पुजा हुदैन् । यसमा प्रकृति पुजा मात्रै हुन्छ । यसमा पुरी, पुरुकिया, खजुरिया, खाजा, लडु (पानी र चिनिले बनेको), खिर, जस्ता परिकारहरु बनाईन्छ भने दही, केरा, नारिवल, नेमो (कागती), स्याउ र अन्य फलफुलहरु, केराको पातमा चढाईन्छ । पान सुपाडी, तुलसीको पात समेत चढाउने चलन रहेको छ । घरको माटोको आँगनमा गाईको गोवरले लिपेर वा पक्काको आँगनमा चामलको पिठोको पिठारीले चौका बनाईन्छ । त्यसपछि चढाउने सबै प्रसादहरु विधि अनुसार पुजाको लागि राखिन्छ । यस कार्यले सिपको पनि विकास गर्छ । माटोको मटकुरी, झपना, दिप, बाँसको चँगेरी वा कुश र ऊनले बनाएको डालिया, पितलको भाडा, कलस आदी सामग्रीहरुको प्रयोग गरिन्छ । यसले मगही संस्कृतिको कला र सीप दुवै क्षेत्रलाई उच्च मूल्यांकन गर्दै यो मगही लोक पर्व मनाईन्छ ।

नेपाल बहुजातिय, बहुभाषिय, बहुसांस्कृतिक र सबैको रितिरिवाज, संस्कार, संस्कृति, धर्मलाई सम्मान गर्ने राष्ट्र हो । तर, नेपालमा एक करोड भन्दा बढी जनसंख्याले मनाउने प्रकृतिमैत्री पर्व चौरचनको शुभकामना सरकारको कुनै तहबाट नआउनु दुखत कुरा हो । यस प्रति चौरचन मनाउने सबै मगही संस्कृतिका समाज हरुको ध्यानआकर्षण भएको छ । यस प्रति तिनै तहको सरकारलाई ध्यान जाओस् र चौरचन पर्वले पनि सरकारी मान्यता प्राप्त होस् भन्ने भावना व्यक्त गर्दै चौरचन पर्वको हार्दिक शुभकामना व्यक्त गर्दै यसको संरक्षण गर्न सबैलाई हार्दिक अनुरोध छ ।

लेखक भाषा संस्कृति प्रतिष्ठान मोरंगका अध्यक्ष हुनुहुन्छ ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

# लागुऔषध ब्राउन सुगर सहित १२ पक्राउ

विराटनगर । झापा, मोरङ, उदयपुर र सुनसरी र भोजपुरबाट लागू औषध ब्राउन सुगर सहित १२ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

शुक्रवार भोजपुरको भोजपुर नगरपालिका-९ स्थितमा लागू औषध बेचबिखन भईरहेको छ भन्ने बिशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय भोजपुरबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा को. ११ प ७६६८ नम्बरको मोटरसाईकलमा लुकाई छिपाई ल्याउदै गरेको १५ ग्राम ६५० मिलिग्राम ब्राउन सुगर फेला पारिएको थियो ।

मोटरसाईकल चालक भोजपुर- १२ का ३० बर्षीय रिजन श्रेष्ठ र मोटरसाईकल पछाडी सवार टेम्केमैयुङ गाउँपालिका- २ का २८ बर्षीय सनुप राईलाई नियन्त्रणमा लिएको थियो । त्यस्तै सुनसरीको ईनरुवा नगर-पालिका-४ बाट अस्थायी प्रहरी पोष्ट बसपार्क र जिल्ला प्रहरी कार्यालय सुनसरीले मोरङ सुन्दरहरैचा- ६ का २८ बर्षीय हेमराज बि.क.लाई ४ ग्राम ५० मिलीग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

विहीवार झापाको बिर्तामोड नगरपालिका-६ स्थितमा इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा मेचीनगर नगरपालिका-१० का विशाल विश्वकर्मालाई २ ग्राम ३५० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो ।

कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगर प्रादेशिक अनुसन्धान समुहको प्रहरी टोलीले धरान-२० का संगम राई, नन्द कुमार राई, देवानगञ्ज गाउँपालिका-१ का शत्रुधन यादव र देवान गञ्ज गाउँपालिका-७ का कपिलदेव यादवलाई २७ किलोग्राम गाँजा सहित धरान-१३ र २० स्थितबाट पक्राउ गरेको थियो ।

त्यसै गरी इलाका प्रहरी कार्यालय पथरी मोरङले पथरीशनिश्चरे नगरपालिका-१० का सनमित धिमाल र पुनम माझीलाई १०० मिलिग्राम ब्राउन सुगर सहित र प्रहरी चौकी लालपत्ता उदयपुरले त्रियुगा नगर पालिका-१० का २५ बर्षीय राजेश मल्लिक र सप्तरी हनुमानगरका सुरेन्द्र साहलाई लागुऔषध १८ एम्पुल सहित पक्राउ गरेको थियो ।

पक्राउ परेका सबै माथि थप अनुसन्धान सम्बन्धित प्रहरी कार्यालयवाट भई रहको संम्बन्धित प्रहरी कार्यालयले जनाएको छ ।




## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- वडा तथा नगरपालिकामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडा भित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं ।
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- सडक बाटोको अतिक्रमण नगरौं ।
- सामाजिक विवादलाई भिडेर होईन ,छलफलबाट हल गरौ ।
- बिबाह दर्ता ,जन्म दर्ता,मृत्यु दर्ता, बसाइँसराइ दर्ता लगायतका पञ्जिकरण गरौं ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।

रामधुनी नगरपालिका नगरकार्यपालिकाको कार्यालय
रामधुनी (झुम्का) सुनसरी, कोशी प्रदेश, नेपाल

## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- वडा तथा नगरपालिकामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडा भित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं ।
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- सडक बाटोको अतिक्रमण नगरौं ।
- सामाजिक विवादलाई भिडेर होईन ,छलफलबाट हल गरौ ।
- बिबाह दर्ता ,जन्म दर्ता,मृत्यु दर्ता, बसाइँसराइ दर्ता लगायतका पञ्जिकरण गरौं ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।

दुहबी नगरपालिका नगरकार्यपालिकाको कार्यालय
दुहवी सुनसरी, कोशी प्रदेश, नेपाल

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

# भावना, विचार र संस्कृतिको जिवन्त वहक



लेखक : नीता बिम्ब

शब्द एक यस्तो अद्भुत तत्व हो, जसले मानवीय जीवनलाई अर्थ दिन्छ, भावना प्रकट गर्छ, सम्बन्ध जोड्छ, र संस्कृतिको निरन्तरता कायम राख्छ। एक वा एकभन्दा बढी वर्णहरू मिलेर बनेको सार्थक ध्वनि समूहलाई शब्द भनिन्छ। संस्कृत भाषामा शब्दलाई ब्रह्म अर्थात् परम सत्यको रूपमा चिनिन्छ। वाक्यमा प्रयोग भएको शब्दलाई पद भनिन्छ भने हाम्रो अभिव्यक्तिको मूल आधार भनेकै शब्द हो।

शब्दहरूको माध्यमबाट हामी भावना प्रकट गर्छौं, विचार आदानप्रदान गर्छौं, र समाजसँग सम्बन्ध गाँस्छौं। मानिसले बोल्दा, लेख्दा वा गाउने क्रममा प्रयोग गर्ने प्रत्येक शब्दमा उसको मनको अवस्थाको झल्को हुन्छ। एकदमै सामान्य लाग्ने शब्दले पनि गहिरो भाव व्यक्त गर्न सक्छ, जसले कसैको जीवन नै परिवर्तन गर्न सक्ने सामर्थ्य राख्छ।

शब्दको शक्ति अपार हुन्छ। यसले मन छुन सक्छ, प्रेरणा दिन सक्छ, मार्गदर्शन गर्न सक्छ। सकारात्मक शब्दहरूले मानिसलाई आत्मबल प्रदान गर्छन् भने नकारात्मक शब्दहरूले उस लाई कमजोर बनाउँछन्। यही कारणले भनिन्छ-“शब्दले बनाउँछ, शब्दले बिगार्छ।“

वैज्ञानिक दृष्टिकोणले हेर्दा, न्यूरोलिङ्गविस्टिक प्रोग्रामिङ ( लीए) सिद्धान्त अनुसार शब्दले हाम्रो मस्तिष्कको तरंग, हार्मोन र संवेगहरूमा प्रत्यक्ष असर गर्छ। सकारात्मक शब्दहरूले सेरोटोनिन र डोपामिन जस्ता ‘ह्याप्पी हर्मोन’ सक्रिय पार्छन्, जसले व्यक्ति उत्साही र उर्जाशील बनाउँछ। त्यहीँ नकारात्मक शब्दहरूले तनाव, निराशा र नकारात्मक मनोवृत्तिको जन्म दिन सक्छ।

शब्द केवल आत्म-अभिव्यक्तिको माध्यम होइन, यो सम्बन्धको पनि सूत्रधार हो। मिठास बोकेको शब्दले अपरिचितलाई पनि आफन्त बनाउँछ भने कठोर र कटु शब्दले आफ्नालाई टाढा पुऱ्याउँछ। घरभित्रको वातावरणदेखि लिएर कार्यस्थल र समाजसम्म, शब्दहरूको भूमिका अति संवेदनशील हुन्छ। यही शब्दले घरमा स्नेह, कार्यस्थलमा सहकार्य र समाजमा सद्भाव निर्माण गर्छ।

तर यिनै शब्द गलत ठाउँमा, गलत तरिकाले प्रयोग गरिए भने ती छुरीभन्दा पनि तीखा हतियार बन्न सक्छन्। कतिपय अवस्थामा, बोलीले दिएको चोटले व्यक्तिको आत्मबल, सम्मान र जीवनप्रतिको आशा नै तोडिदिन्।

हिन्दू दर्शनमा शब्दलाई ब्रह्म भनिएको छ। ‘ॐ’ जस्तो बीज मन्त्रको ध्वनिले मानसिक एकाग्रता, शान्ति र सकारात्मक ऊर्जा उत्पन्न गर्छ। वैदिक ऋचाहरू, उपनिषदका श्लोकहरू, मन्त्रहरू सबै शब्दकै माध्यमद्वारा ज्ञान, आध्यात्मिक चेतना र मुक्ति प्रदान गर्छन्।

गुरुहरूले दिएको उपदेश, धर्मग्रन्थका विचार, प्रार्थनाका स्वर-यी सबैले समाज, व्यक्ति र सभ्यतालाई निर्देशित गर्छन्। र ती सबैको स्रोत हो-शब्द।

आजको द्रुतगामी डिजिटल युगमा शब्दहरू छिटो फैलिन्छन्। सामाजिक सञ्जाल, मिडिया, सार्वजनिक मंचहरूमा बोलेका वा लेखिएका शब्दहरूले लाखौं मानिसलाई प्रभावित गर्न सक्छ। यसर्थ, हामी प्रत्येकले सोच-विचार गरेर, संवेदनशीलतापूर्वक र उत्तरदायित्वसहित शब्दको प्रयोग गर्नुपर्छ।

हामीले शब्द कहाँ प्रयोग गर्दैछौं? कसको सामु प्रयोग गर्दैछौं ? कुन सन्दर्भमा प्रयोग गर्दैछौं? भन्ने कुराको गम्भीर सोच आवश्यक छ। शब्दको माध्यमबाट मात्रै हामीले समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्छौं।

शब्द कुनै ध्वनि मात्र होइन; यो चेतनाको प्रकाश हो, भावनाको सेतु हो, सम्बन्धको आधार हो, संस्कृतिको जरा हो। यसले व्यक्ति मात्र होइन, परिवार, समाज र राष्ट्रको निर्माण गर्छ। त्यसैले शब्दको प्रयोग सुसंस्कृत, सन्तुलित र संवेदनशील हुनुपर्छ।“शब्दको महिमा, साँच्चै नै अपरम्पार छ।”

## वैश्विक...

“फादर्स डे” व्यक्तिगत सम्बन्धमा केन्द्रित हुन्छ भने कुशे औंसीले जीवित मात्र होइन, दिवंगत बुबाप्रति पनि श्रद्धा प्रकट गर्ने फरक चेतना बोकेको छ।

यस दिन दान-पुण्यको अभ्यास पनि महत्त्वपूर्ण मानिन्छ। बुबाको मुख हेरेर मात्र नभई पितृको नाममा गरिने दानले समाजमा सहयोग र परोपकारको संस्कारलाई मजबुत बनाउँछ। कतिपय ठाउँमा ब्राह्मणलाई अन्नदान गर्ने, गरिबलाई भोजन वा कपडा वितरण गर्ने चलन अझै प्रचलित छ। यसरी कुशे औंसी व्यक्तिगत परिवारसम्म सीमित नभई सामूहिक सामाजिक उत्तरदायित्वलाई बलियो बनाउने पर्व बनेको छ।

गोकर्णेश्वर क्षेत्रमा कुशे औंसीका दिन लाखौं भक्तजनको भीड लाग्छ। तीर्थयात्रीहरूको बढ्दो संख्या आफैंमा प्रमाण हो कि आधुनिकता र प्रविधिको युगमा पनि मानिसहरू आफ्ना परम्परासँग जोडिन चाहन्छन्। तर भीड व्यवस्थापनमा सरकारी असक्षमता, सरसफाइको अभाव, यातायात समस्या र धार्मिक स्थलमा व्यापारीकरण बढ्नु जस्ता गुनासा पनि उत्तिकै छन्। पितृश्राद्धजस्तो गम्भीर अभ्यासलाई असहज बनाउन यस्ता व्यवस्थापकीय कमजोरीहरू जिम्मेवार छन्।

भावनात्मक दृष्टिले पनि यो पर्व गहिरो छ। दिवंगत बुबाका सन्तानका लागि यो दिन पीडादायी हुन्छ। बुबाको अभावले सन्तानलाई असहज बनाउँछ। तर श्राद्ध र पितृतर्पणले मृतकसँग आध्यात्मिक सम्बन्ध कायम राख्ने संस्कृतिले भावनात्मक सन्तुलन दिन्छ। धेरैले अनुभव गरेका छन्, श्राद्ध गरेर वा दान गरेर लाग्छ कि बुबा अझै वरिपरि हुनुहुन्छ। यसरी धार्मिक अभ्यासले मानिसलाई भावनात्मक राहत दिने, दुःखलाई सहने शक्ति दिने र जीवनलाई निरन्तरता दिने भूमिकासमेत खेलेको छ।

राजनीतिक र सामाजिक दृष्टिले पनि कुशे औंसीको महत्त्व घट्दैन। नेपालमा लोकतन्त्र, गणतन्त्र, संघीयता जस्ता राजनीतिक व्यवस्थाले समाजको संरचना परिवर्तन गरे पनि धार्मिक र सांस्कृतिक अभ्यास निरन्तर रहँदै आएका छन्। यसले देखाउँछ कि राजनीतिक व्यवस्थाले परिवर्तन ल्याए पनि मौलिक परम्परालाई चुनौती दिन सकिँदैन। बरु यस्ता पर्वहरूले समाजलाई पहिचान, ऐक्यबद्धता र आत्मीयताको आधार दिन्छन्।

विदेश पलायनको प्रभाव अझै गहिरो छ। लाखौं नेपाली विदेशमा काम र पढाइका लागि पुगे पनि बुबाको मुख हेर्ने दिनले उनीहरूलाई आफ्ना परिवार र देश सम्झाउने काम गर्छ। कतिपयले विदेशमै बसेर परिवारलाई फोन वा भिडियो कल गरेर बुबालाई शुभकामना दिन्छन्। यसरी कुशे औंसीले मानिसलाई आफ्नो संस्कृति र परिवार सँग जोडिराख्ने कार्य गरेको छ।

समाजशास्त्रीहरूको निष्कर्ष स्पष्ट छ कि कुशे औंसी केवल धार्मिक पर्व होइन, यो समाजलाई पुर्खा र संस्कृतिसँग निरन्तर जोड्ने सांस्कृतिक सेतु हो। पत्रकारिताको दृष्टिले पनि पुष्टि हुन्छ कि यस पर्वले परिवार, समाज र संस्कृतिलाई एउटै धागोमा गाँसेको छ। परम्परागत मूल्य र आधुनिक चेतना दुबैलाई एकसाथ धानेर यो पर्वले समयानुकूल आफैंलाई पुनः परिभाषित गरेको छ।

बुबाको मुख हेर्ने दिन वा कुशे औंसी केवल एकदिनको अनुष्ठान होइन यो पीढीगत सम्बन्धको जीवित प्रतीक हो। बुबाको अनुहार हेर्ने, उनको आशीर्वाद लिने, पितृलाई स्मरण गर्ने र श्राद्ध गर्ने परम्परा धार्मिक आस्थासँगै सामाजिक मूल्य र भावनात्मक सम्बन्धको अभिव्यक्ति हो। यसले मानिसलाई परिवारको महत्व बुझाउने र पुर्खाप्रतिको कृतज्ञता प्रकट गर्ने प्रेरणा दिन्छ। यही कारण आजको युगमा पनि यस पर्वको महत्व झन् बढेको छ। यसलाई टिकाइराख्न युवापुस्तालाई यसको वास्तविक महत्व बुझाउनु, व्यापारीकरण र औपचारिकताबाट जोगाउनु र सामूहिक उत्तरदायित्वसँग जोड्नु अपरिहार्य छ। यदि यसलाई केवल छुट्टी वा सामाजिक सञ्जालमा सीमित गरियो भने यसको मौलिकता हराउनेछ। तर जीवनशैलीमै आत्मसात गर्न सकियो भने यो पर्व वर्तमान मात्र होइन भावी पुस्तामा पनि जीवित रहनेछ।

(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ )




वडा वासीहरूको
लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ।
- सडक बाटोको अतिक्रमण नगरौ।

वडा अध्यक्ष
काजी बहादुर बस्तेत

१ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश

वडा वासीहरूको
लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ।
- सडक बाटोको अतिक्रमण नगरौ।

वडा अध्यक्ष
कुमार पोखरेल

२ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश

वडा वासीहरूको
लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ।
- सडक बाटोको अतिक्रमण नगरौ।

वडा अध्यक्ष : बासु बहादुर बस्नेत

३ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश